माननीय मन्त्रीस्तरबाट स्वीकृत मिति:-२०८०।६।२५

# कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०

कृषि तथा पशुपन्छी क्षेत्रमा साना तथा मझौला खालका कृषि उद्यमहरुको विकास तथा प्रवर्द्धन गरी युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न, रोजगारीका अवसरहरु सिर्जना गर्न तथा कृषि श्रमको उत्पादकत्व वृद्धि एवं कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न वाञ्छनीय भएकोले विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम "कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०" रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "उद्यम" भन्नाले जीविकाका लागि गरिने उपार्जन वा कुनै उद्देश्यको पूरा गर्नका लागि गरिने शारीरिक परिश्रम, सिर्जनात्मक आर्थिक क्रियाकलाप, व्यवसाय तथा उद्योगलाई सम्झनुपर्छ।

(ख) "कृषि उद्यमी" भन्नाले आय-आर्जन गर्ने उद्देश्यले कृषि तथा पशुपन्छी उद्योग, व्यवसाय वा उद्यम संचालन गर्ने व्यक्ति वा समूहलाई सम्झनुपर्दछ।

(ग) "उद्यमशिलता" भन्नाले कुनै व्यवसाय, उद्योग वा उद्यम संचालनको प्रक्रियालाई सम्झनुपर्छ।

(घ) "कार्यक्रम" भन्नाले कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रमलाई सम्झनुपर्छ।

(ङ) "कार्यालय" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतको परियोजना कार्यान्वयन एकाइलाई सम्झनुपर्छ।

(च) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनुपर्छ।

(छ) "समिति" भन्नाले यस कार्यविधि बमोजिमका कार्यक्रम/क्रियाकलाप संचालनमा सहजीकरण गर्नका लागि गठित दफा-१२ बमोजिमको समितिलाई सम्झनुपर्छ।

सचिव

३. उद्देश्य: यस कार्यविधि बमोजिमको कार्यक्रम संचालनका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) कृषि क्षेत्रमा युवाहरुको आकर्षण बृद्धि गरी कृषि उद्यम र उद्यमीहरुको विकास गर्ने।

(ख) कृषि तथा पशुपन्छीमा आधारित साना तथा मझौला खालका उद्यम (Small and Medium scale enterprises) मार्फत रोजगारीका अवसरहरु सिर्जना गर्न सहयोग गर्ने।

(ग) कृषि तथा पशुपन्छीजन्य उत्पादन, प्रशोधन तथा उद्योगका क्षेत्रमा प्रयोग हुने श्रमको उत्पादकत्व (Labor Productivity) बृद्धि गर्न सहयोग गर्ने।

(घ) कृषि क्षेत्रमा नवप्रवर्तन (innovation) तथा नवीनतम (Innovative) प्रविधिहरुको उपयोग र प्रवर्द्धनलाई बढावा दिने।

(ङ) वैदेशिक रोजगारीका लागि विदेश जाने तयारीमा रहेका एवम् विदेशबाट फर्केका युवा, कृषि विषय अध्ययन गरेका विद्यार्थी, बेरोजगार युवा, महिला तथा दलित समुदायका युवालाई कृषि तथा पशुपन्छी जन्य व्यवसाय/उद्यम गर्न अभिप्रेरित गर्ने।

(च) कृषि क्षेत्रमा आधुनिक प्रविधि र औजारको प्रयोग गर्न सहयोग गर्ने ।

४. अपेक्षित प्रतिफल : यस कार्यक्रमको अपेक्षित प्रतिफलहरु देहाय बमोजिम रहेका छन्:-

(क) कृषिमा आधारित कम्तीमा १६० वटा साना तथा मझौला व्यवसाय/उद्यमहरुको स्थापना वा क्षमता अभिवृद्धि तथा बाली/वस्तु उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरणसंग सम्बन्धित संरचना तथा पूर्वाधारहरुको निर्माण भएको हुने ।

(ख) कृषि तथा पशुपन्छी क्षेत्रमा थप रोजगारीको अवसरहरु सृजना भएको हुने ।

(ग) कृषि तथा पशुपन्छी क्षेत्रमा कम्तिमा १० वटा नवीनतम (Innovative) प्रविधिहरुको उपयोग भएको हुने।

(घ) वैदेशिक रोजगारीबाट फर्केका तथा कृषि, भेटेनरी, पशुविज्ञान तथा मत्स्यविज्ञान विषय अध्ययन गरेका विद्यार्थीहरु, महिला, दलित तथा बेरोजगार लक्षित लाभग्राहीले कृषि उद्यम/व्यवसाय संचालन गरेको हुने।

(ङ) कृषि तथा पशुपन्छी क्षेत्रमा निजी क्षेत्रबाट हुने सह-लगानी अभिवृद्धि भएको हुने ।

५. प्रतिफलको मापन : कार्यक्रम संचालनबाट प्राप्त उपलब्धिहरुको प्रतिफल मापन देहायका सूचकहरुको आधारमा गरिनेछ:-

(क) कृषि तथा पशुपन्छी क्षेत्रमा थप स्थापना वा क्षमता अभिवृद्धि भएका साना तथा मझौला व्यवसाय/उद्यमहरु (SME) को संख्या।

(ख) स्थापना भएका साना तथा मझौला व्यवसाय/उद्यमहरु (SMEs) मा रोजगारी प्राप्त गर्नेको संख्या।



सचिव

(ग) कृषि तथा पशुपन्छी क्षेत्रमा अवलम्बन गरिएका नवीनतम (Innovative) प्रविधीहरुको संख्या।

(घ) कृषि उद्यम विकासका लागि निर्माण भएका उत्पादन, प्रशोधन तथा बजारीकरणसंग सम्बन्धित संरचना तथा पूर्वाधारहरुको संख्या र उत्पादनमा वृद्धि।

(ङ) निजी क्षेत्रबाट भएको सह-लगानी ।

## परिच्छेद २

## कार्यक्रम संचालन हुने बाली/वस्तु, मूल्य-श्रृंखलाका क्षेत्र र लक्षित वर्ग

६. **कार्यक्रम संचालन हुने बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्र :** यस कार्यविधि बमोजिमको कार्यक्रम देहाय अनुसारका बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्रहरुमा संचालन गरिनेछ।

(क) तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण ।

(ख) बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण ।

(ग) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात

(घ) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण ।

(ङ) मासुजन्य पदार्थको भण्डारण,प्रशोधन र बजारीकरण ।

(च) अदुवा, बेसार लगायतका मसलाबालीको प्रशोधन तथा बजारीकरण ।

(छ) मौरीपालन व्यवसाय र मह प्रशोधन ।

(ज) जौ, फापर, सिलाम, कोदो उत्पादन, प्रशोधन तथा बजारीकरण ।

(झ) प्राङ्गारिक, गडयौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण ।

(ञ) बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र बिरुवा उत्पादन गर्ने व्यवसाय ।

(ट) फलफुल प्रशोधन र बजारीकरण ।

(ठ) खाद्यान्नको बीउ उत्पादन ।

(ड) ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन प्रशोधन र भण्डारण

(ढ) साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा सञ्चालन ।

(ण) घाँसबाट हे (Hay),साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय ।

(त) अर्गानिक कृषि निर्यात ।

(थ) व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन उत्पादन र प्रशोधन ।

७. **लक्षित लाभग्राही :**

- कार्यक्रम संचालनका लागि तोकिएका क्षेत्र तथा जिल्लाभित्रका १८ बर्ष देखि ५० बर्ष उमेर समूहका नेपाली कृषक तथा कृषि उद्यमीहरु ।



सचिव

➢ कार्यक्रममा नीजि फार्म, कृषि उद्यमी र कृषक समूह तथा सहकारीमा आबद्ध कृषक/कृषि उद्यमी  सहभागी हुन सक्नेछन्।

## परिच्छेद ३
## कार्यक्रम संचालन विधि तथा प्रक्रिया

८. **कार्यक्रम संचालन गर्ने निकाय र कार्यक्षेत्र :** यो कार्यक्रम कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका परियोजना कार्यान्वयन एकाइहरुबाट कार्यालयको कार्यक्षेत्र रहेका देहाय अनुसारका  जिल्लाहरुमा संचालन गरिनेछ।
**कार्यक्रम संचालन हुने जिल्लाहरु:** इलाम, झापा, मोरंग-सुनसरी, खोटांग-उदयपुर, सर्लाही-रौतहट, बारा-पर्सा, चितवन-मकवानपुर,  काठमाडौ-भक्तपुर-ललितपुर, रामेछाप-दोलखा, सिन्धुपाल्चोक-काभ्रे, धादिंग, गोरखा-तनहुँ, म्याग्दी-मुस्तांग, रुपन्देही-व.सु.प., कपिलवस्तु, अर्घाखाँची, दांङ, बाँके-बर्दिया, सुर्खेत-दैलेख, सल्यान-रुकुम पश्चिम, जुम्ला-कालिकोट, कैलाली, कंचनपुर, जाजरकोट, रुकूम-पूर्व ।

९. **सूचना प्रकाशन तथा प्रस्ताव आव्हान:**

(१) यस कार्यविधि बमोजिमको कार्यक्रम संचालनका लागि स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही सम्बन्धित परियोजना कार्यान्वयन एकाईले अनुसूचि-१ अनुसारको ढाँचामा ३० दिनको समयसीमा तोकी सार्वजनिक सूचना प्रकाशन गरी ईच्छुक लक्षित लाभग्राहीबाट प्रस्ताव आव्हान गर्नुपर्नेछ। दफा ११ बमोजिमको प्रस्ताव मूल्याङ्कन समितिले जिल्लामा उद्यमशिलता कार्यक्रम सञ्चालनका लागि दफा ६ मा समावेश भएका बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्रहरु मध्येबाट सम्भाव्य बाली/वस्तुहरुको अध्ययन तथा प्राथमिकिकरण गरी स्वीकृतीका लागि कार्यालय समक्ष पेश गर्नुपर्नेछ। यसरी स्वीकृत भएका बाली वस्तुहरुमा कार्यक्रम सञ्चालनका लगि कार्यालयले सूचना प्रकाशन तथा प्रवाह गर्नुपर्नेछ ।

(२) उपदफा (१) अनुसारको सूचना कार्यक्रम संचालन हुने सम्बन्धित प्रदेशको जिल्लास्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालय तथा सम्बन्धित स्थानीय तहका सम्बन्धीत कृषि तथा पशुपन्छी शाखाहरुमा समेत सूचना टाँस गरी जानकारी गराउनुपर्नेछ।

१०. **आवेदन तथा प्रस्ताव पेश गर्ने :** यस कार्यक्रममा सहभागी हुन ईच्छुक लाभग्राहीले अनुसूचि-२ अनुसारको ढाँचामा आवश्यक सम्पुर्ण कागजात सहितको आवेदन तथा अनुसूचि-३ अनुसारको ढाँचामा प्रस्ताव तयार गरी तोकिएको समयभित्र कार्यालयमा पेश गर्नुपर्नेछ। ईच्छुक लाभग्राहीलाई प्रस्ताव तयार गर्ने कार्यमा सम्बन्धित परियोजना कार्यान्वयन एकाइले सहजीकरण गर्नुपर्नेछ।

सचिव

११. प्रस्ताव मूल्यांकन तथा स्वीकृति :

(१) तोकिएको समय सिमाभित्र प्राप्त प्रस्तावहरुको मूल्यांकन गर्न परियोजना कार्यान्वयन एकाई अन्तर्गत देहाय अनुसारको प्रस्ताव मूल्यांकन समिति रहनेछ।

| | |
|---|---|
| प्रमुख, परियोजना कार्यान्वयन एकाइ | संयोजक |
| प्रमुख वा अधिकृत प्रतिनिधि, प्रदेशको जिल्लास्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालय | सदस्य |
| जिल्ला समन्वय समितिको प्रतिनिधी | सदस्य |
| जिल्ला प्रशासन कार्यालयको प्रतिनिधी | सदस्य |
| कृषि/पशु सेवा अधिकृत/प्राविधिक, परियोजना कार्यान्वयन एकाइ | सदस्य सचिव |

(२) समितिले कार्यक्रम संचालनका लागि प्रस्ताव पेश भएका स्थानीय तहहरु मध्येबाट बढीमा कुनै २ वटा स्थानीय तहका कृषि/पशुपन्छी विकास क्षेत्र हेर्ने शाखा प्रमुख वा प्रतिनिधिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(३) समितिले प्राप्त प्रस्ताव उपर अनुसूचि-४ बमोजिम तथा आवश्यकता अनुसार थप मापदण्ड तयार गरी प्रस्तावहरुको मूल्यांकन गर्न सक्नेछ। ।

(४) समितिले प्रस्ताव मूल्यांकन गर्दा आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण गर्नुपर्नेछ।

(५) परियोजना कार्यान्वयन एकाइको स्वीकृत वार्षिक कार्यक्रम र अन्य निकायहरुबाट लक्षित लाभग्राहीलाई प्रदान गरिने अनुदान नदोहोरिने पक्षलाई यकिन गरी समितिले प्रस्तावहरुको मूल्यांकन तथा प्राथमिकीकरण गरी स्वीकृतिका लागि परियोजना कार्यान्वयन एकाइमा सिफारिस गर्नुपर्नेछ।

(६) समितिबाट मूल्यांकन भई प्राप्त भएका प्रस्तावहरुलाई परियोजना कार्यान्वयन एकाइले स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ।

१२. सम्झौता र कायदिश :

(१) स्वीकृत प्रस्तावहरु बमोजिम कार्यक्रम संचालनका लागि लाभग्राहीसंग आवश्यक छलफल गरी कार्यालयले अनुसूचि-५ को ढाँचामा सम्झौता गरी कायदिश दिनुपर्नेछ।

(२) सम्झौतामा उल्लेख भएका शर्त र स्वीकृत प्रस्ताव बमोजिम लाभग्राहीले यस कार्यविधि, प्रचलित कानून तथा नर्मसको अधिनमा रही क्रियाकलाप संचालन गर्नुपर्नेछ र सम्झौता बमोजिमका शर्तहरु पालना गर्नु दुवै पक्षको जिम्मेवारी हुनेछ।

१३. अनुदानको सिमा तथा भुक्तानी प्रक्रिया:

(१) यस कार्यविधि बमोजिम स्वीकृत भएका प्रस्ताव अनुसार क्रियाकलाप संचालन गर्न लागत अनुमानको आधारमा प्रति प्रस्ताव बढीमा चार लाख रुपैंया सम्म अनुदान उपलब्ध गराइनेछ। लागत अनुमान तयार गर्दा उत्पादन, प्रशोधन वा बजारीकरणसंग सम्वन्धित क्रियाकलाप अनिवार्य रुपमा समावेश भएको हुनुपर्नेछ। प्रस्तावकले संचालन गर्न चाहेको क्रियाकलापको लागत अनुमान जिल्ला दर रेट

अनुसार तयार गर्नुपर्नेछ ।जिल्ला दररेट स्वीकृत नभएको अवस्थामा प्रचलित बजार मूल्यलाई आधार लिनुपर्नेछ ।

(२) यस कार्यविधि बमोजिम स्वीकृत भएको प्रस्तावको कूल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैंया जुन कम हुन्छ सोहिअनुसार प्रचलित कानून बमोजिमको करकट्टी गरी भुक्तानीयोग्य रकम कार्यालयबाट अनुदान स्वरुप लाभग्राहीको बैंक खातामा भुक्तानी गरिनेछ भने बाँकी पचास प्रतिशत रकम लाभग्राही स्वयंमले व्यहोर्नुपर्नेछ। स्वीकृत लागत अनुमान र सम्झौतामा उल्लेख भएको कूल लागत साझेदारी रकम भन्दा बढी रकम खर्च भएको अवस्थामा सम्झौताभन्दा बढी खर्च हुन आएको रकम अनुदानग्राही स्वयंले व्यहोर्नुपर्नेछ ।

(३) लाभग्राहीले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप संचालन गर्दा खर्च भएको रकम तथा बिल भर्पाईहरुको लेखा राख्नुपर्नेछ । कार्यक्रम संचालन गर्दा खर्च भएको कूल रकम र सम्बन्धित बिल भर्पाइहरुको प्रमाणित छाँयाप्रति आफूसंग राखी सक्कल बिल भर्पाइहरु अनुदान भुक्तानी र लेखापरिक्षण प्रयोजनार्थ कार्यालय समक्ष पेश गर्नुपर्नेछ।

(४) लाभग्राहीले सम्झौता अनुसारको काम सम्पन्न गरे पश्चात कार्य-सम्पन्न प्रतिवेदन (अनुसूचि-६ अनुसारको ढाँचामा) र कार्यक्रम संचालन भएको स्थानीय तह कृषि/ पशुपन्छी शाखाको सिफारिश पत्र (अनुसुचि-७ अनुसारको ढाँचामा) समेत राखी भुक्तानीका लागि समयमै निवेदन पेश गर्नुपर्नेछ।भुक्तानीका लागि प्राप्त कागजातहरु र कार्य सम्पन्न प्रगति एवं अनुगमन मूल्याकंनका आधारमा सम्बन्धित कार्यालयबाट बढिमा दुई किस्तावन्दीमा शोधभर्ना गरिने छ ।

## परिच्छेद ४

## अनुगमन तथा मूल्याकंन, प्रगति प्रतिवेदन र समन्वय

१४. अनुगमन तथा मूल्याकंन र प्रगति प्रतिवेदनः

(१) परियोजना कार्यान्वयन एकाईले यस कार्यविधि बमोजिम सञ्चालन हुने क्रियाकलापहरुको एकल रुपमा वा परियोजनाका सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मुल्याङ्कन गर्नेछ।

(२) सम्झौता बमोजिमको कार्य प्रगतिबारे लाभग्राही स्वयंमले नियमित रुपमा एवं कार्य सम्पन्न पश्चात सात दिनभित्र परियोजना कार्यान्वयन एकाइमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

(३) परियोजना कार्यान्वयन एकाइले निर्दिष्ट ढाँचामा स्वीकृत प्रस्तावहरुको प्रगति विवरण अद्यावधिक गर्नुपर्नेछ र मन्त्रालय तथा परियोजना व्यवस्थापन एकाईमा प्रतिवेदन गर्नुपर्नेछ।

१५. समन्वयः

(१) यस कार्यविधि बमोजिमका क्रियाकलाप संचालन गर्न तथा अनुदान प्रवाहमा दोहोरोपना हुन नदिन परियोजना कार्यान्वयन एकाइले सम्बन्धित प्रदेशको जिल्लास्थित कृषि/पशुसेवा क्षेत्र हेर्ने कार्यालयका प्रमुख वा प्रतिनिधि, स्थानीय तहका कृषि तथा पशुपन्छी शाखा प्रमुख वा प्रतिनिधि र जिल्लास्थित

सचिव सचिव

संचालनमा रहेका सुपरजोन/जोन संचालन समन्वय समितिका पदाधिकारीहरुसंग आवश्यक समन्वय गर्नसक्नेछ।

## परिच्छेद ५

## विविध

१६. **कारवाहीको व्यवस्था:** यस कार्यविधि बमोजिम अनुदान सहयोग प्राप्त गर्ने लाभग्राहीले प्राप्त अनुदानलाई दुरुपयोग गरेको वा असम्बन्धित क्षेत्रमा खर्च गरेको पाईएमा नेपाल सरकारको प्रचलित ऐन नियम कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१७. **प्रचलित कानून लागू हुने:** यस कार्यविधि बमोजिमका क्रियाकलाप संचालन गर्दा यस कार्यविधि र प्रचलित कानून बमोजिम तथा यस कार्यविधिमा उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम क्रियाकलाप संचालन गरिनेछ।

१८. **कार्यविधि संशोधन परिमार्जन तथा बाधा अडकाउ फुकाउ:** कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधिका विषयवस्तु तथा अनुसूचिहरु परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

सचिव सचिव

अनुसूचि-१
(परिच्छेद ३ को दफा १० (१) संग सम्बन्धित)
नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ..........

सूचना नं. : सूचना प्रकाशित मितिः

कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना (नमूना)

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ............को चालु आ.व.०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात् (मिति .............. गते भित्र) यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढांचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूहभित्रका कृषक, कृषि उद्यमी | जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ६ मा उल्लेख भए बमोजिम | • प्रति प्रस्ताव बढीमा चार लाख रुपैया सम्म।<br>• स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरुप बढिमा दुई किस्तामा शोधभर्ना गरिने। |

निवेदन साथ संलग्न कागजातहरु

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।

(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।

(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

(६) सहकारी संस्थाको सदस्य भएमा सम्वन्धित सहकारी संस्थाको सिफारिश पत्र।

सचिव

(७) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

अनुसूचि-२

(परिच्छेद ३ को दफा ११ संग सम्बन्धित)

कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रममा सहभागी हुनका लागि आवेदन फाराम (नमूना)

मितिः....................

श्रीमान् प्रमुख ज्यू
परियोजना कार्यान्वयन एकाइ......................।

विषयः आवेदन पेश गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति............................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि आवश्यक कागजात सहित म/हामी ........................................................कृषि उद्यमी/युवा/फर्म संचालक ईच्छुक भएकाले उक्त कार्यक्रममा सहभागी गराई दिनुहुन यो निवेदन पेश गरेको छु/छौं।

निवेदक

नाम, थर :
ठेगाना:
सम्पर्क नं.:

निवेदन साथ संलग्न कागजातहरु

१. कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
२. उद्यमीको व्यक्तिगत विवरण खुल्ने कागजात (नागरिकताको प्रतिलिपि)।
३. कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
४. उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
५. आन्तरिक राजश्व कार्यालयबाट प्राप्त प्यान नं. भएको परिचयपत्रको प्रतिलिपि।
६. सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिश पत्र।



सचिव

अनुसूचि-३

(परिच्छेद ३ को दफा ११ संग सम्बन्धित)

## लाभग्राहीले कार्यक्रममा सहभागिताका लागि पेश गर्नुपर्ने प्रस्तावको ढाँचा

१. प्रस्तावकको नाम :

२. कार्यक्रम संचालन गर्ने ठेगाना : ............जिल्ला : ......... न.पा./गा.पा........वडा नं...........टोल

३. प्रस्तावित कार्यक्रम संचालन सम्बन्धी विवरण (बाली/वस्तु/मूल्य श्रृंखलाको क्षेत्र):

४. प्रस्तावित कार्यक्रम संचालनको मुख्य उद्देश्य :

५. प्रस्तावित कार्यक्रम संचालन सम्बन्धी अनुभव :....... वर्ष

६. प्रस्तावित कार्यक्रम संचालन हुने क्षेत्रफल/संख्या :

७. प्रस्तावित कार्यक्रमको कुल लागत रु.:

८. हाल प्रस्तावकसंग उपलब्ध श्रोत-साधन तथा पूर्वाधारहरुको विवरण:

९. हाल सम्वन्धित बाली/वस्तुको उत्पादनको कार्य भइरहेको भएमा

हाल उत्पादन कार्य भइरहेको क्षेत्रफल वा संख्या:

वार्षिक उत्पादन परिमाणः ........... वार्षिक आम्दानी :.............

हाल संचालित क्रियाकलापहरुको फोटोहरु:

१०. कार्यक्रम संचालन पश्चातको अनुमानित उत्पादकत्वः ................ वार्षिक आम्दानी :.............

११. प्रस्तावकको खाता रहेको बैंक खाता सम्बन्धी विवरण :

सचिव

१२. प्रस्तावकको स्थायी लेखा नं. सम्बन्धी विवरण:

१३.कार्यक्रम संचालनका लागि गरिने प्रमुख क्रियाकलाप तथा अनुमानित लागत

| क्र.सं. | क्रियाकलाप | इकाई | परिणाम | दर | कुल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | लम्बाई, चौडाई, मोटाई लगायतका लागत अनुमान सम्बन्धी विस्तृत बिवरणसमेत राख्नुपर्नेछ। |
| १.१. | | | | | | | |
| १.२ | | | | | | | |
| २ | औजार उपकरण | | | | | | सामानको स्पेसिफिकेशन तथा कोटेशन समेत सामेल गर्नुपर्नेछ। |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| ३ | उत्पादन सामाग्री | | | | | | मल बीउ, स-साना औजार वा ज्यालाहरु |
| ३.१ | | | | | | | |
| ३.२ | | | | | | | |
| ३.३ | | | | | | | |
| | जम्मा | | | | | | |

१४. कार्यक्रम स्थलमा सिंचाईको व्यवस्था छ/छैन...... छ भने सिंचाईको किसिम.......

१५. कार्यक्रम संचालन हुने स्थल सडकसंग जोडिएको छ/छैन..... छ भने सडकको किसिम.......

१६. कार्यक्रम संचालन स्थलमा विद्युतको व्यवस्था छ/छैन...... ....

१७. कार्यक्रमबाट हुने सकारात्मक प्रभाव :

- आय आर्जन :.............प्रति वर्ष

- रोजगारी सिर्जना : ............. जना

१८. कार्यक्रमबाट लाभान्वित हुने सम्भावित कृषक परिवार संख्या : प्रत्यक्ष .... अप्रत्यक्ष........

१९. कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण :

(क) आवश्यकता र औचित्य:

(ख) कार्यक्रम संचालन हुने स्थान र क्षेत्रफल सम्वन्धी विवरण:

(ग) कार्यक्रमबाट उत्पादन हुने बस्तुको सूची र अनुमानित परिमाण:

(घ) कार्यक्रमबाट उत्पादित वस्तुको बजार र बजारीकरण प्रक्रिया:

(ङ) कार्यक्रमबाट उत्पादन हुने बस्तुबाट थप हुने आम्दानी तथा कारोवार सम्बन्धी विवरण:

उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ यदि झुठो ठहरिएमा निवेदन स्वतः खारेज भई कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक
दस्तखत :
नाम :
पद :
फोन नं.:
मिति :

साक्षी
दस्तखत :
नाम :
पद :
फोन नं.:
मिति :

छाप :....................

अनुसूचि-४

(परिच्छेद ३ दफा १२ (३) संग सम्बन्धित)

प्रस्ताव मूल्यांकन समितिबाट गरिने मूल्यांकनको ढाँचा

लाभग्राही छनौट मूल्याङ्कन मापदण्ड (नमूना)

| क्र.सं. | सूचकाङ्क आधार | अधिकतम सम्भाव्य अङ्क |
|---|---|---|
| अ. | प्रमुख मापदण्ड (६५) | |
| १. | प्रस्तावित कार्यक्रमको कमाण्ड क्षेत्रका लाभान्वित स्थानीय उद्यमी | ५ |
| २. | प्रस्तावित कार्यले समेट्ने क्षेत्रफल/संख्या | १० |
| ३. | सामाजिक एवं लैङ्गिक सहभागिता (महिला, पुरुष, दलित, आदिवासी आदि) | ५ |
| ४. | प्रस्तावित कार्यले उत्पादन वृद्धि, प्रशोधन र बजारीकरणमा पुग्ने सहयोग | २५ |
| ५. | प्रस्तावित कार्यले सृजना गर्ने रोजगारीको अवसर | ५ |
| ६. | प्रस्तावित बाली/वस्तुको भोगोलिक एवं प्राविधिक उपयुक्तता | १५ |
| आ. | सहायक मापदण्ड (३५) | |
| १. | प्रस्तावको आवश्यक कागजातको प्रक्रिया पूरा भएको | ५ |
| २. | समान प्रकृतिका अनुदान सहयोगको पहुँच नभएको वा प्राप्त नगरेको | ५ |
| ३. | सहभागी लक्षित वर्गको नगद वा वस्तुगत योगदान परिमाण र प्रतिवद्धता | १० |
| ४. | प्रस्तावित कार्यको सृजनात्मकता एवम् नवीनता | ५ |
| ५. | आवेदकको संस्थागत क्षमता तथा कार्य अनुभव | ५ |
| ६. | प्रस्तावित कार्य बजारको माग एवं आवश्यकता अनुरुप रहे/नरहेको | ५ |

*नोटः कार्यक्रमको प्रकृति अनुरुप प्राविधिक समितिले मूल्याङ्कनको मापदण्ड आवश्यकता अनुसार परिमार्जन र विस्तृतीकरण एवं सहायक मापदण्ड बनाउन र सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ। साथै उल्लेखित मापदण्ड अनुसार प्रस्ताव मुल्याङ्कन गर्दा समितिले आवश्यकता अनुसार चेकलिस्ट बनाई मुल्याङ्कन गर्न सक्नेछ ।*

निवेदन नं.        सूचना नंः

| क्र.सं. | प्रस्ताव पेश गर्ने | प्राप्ताङ्क | | जम्मा प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रमुख मापदण्ड (६५) | सहायक मापदण्ड (३५) | | |
| | | | | | |
| | | | | | |

नोटः कोष्ठको अंकले अधिकतम जनाउँछ।

प्रस्ताव मुल्याङ्कनसमितिका सदस्यहरुका नाम र दस्तखतः

| क्र.स. | नाम | दस्तखत |
|---|---|---|
| | | |

सचिव

| | | |
|---|---|---|
| | | |

आमन्त्रित सदस्यः
मितिः

## अनुसूचि-५
### (परिच्छेद ३ दफा १३ (१) संग सम्बन्धित)
### सम्झौता पत्रको ढाँचा

........................ कार्यालय (यस पछिको पहिलो पक्ष भनिएको) र ........... जिल्ला ............ गा.पा./न.पा. वडा नं. ......................ठेगाना र ना.प्र.प.नं.............रहेको.....................श्री................................ (यस पछि दोश्रो पक्ष भनिएको) बीच.......................कार्यालयबाट मिति गते स्वीकृत भएको प्रस्ताव/कार्यक्रम नं.......... मा उल्लेख भएका क्रियाकलापहरु तपशिल अनुसारको शर्त पालना हुने गरी कार्यक्रम संचालन गर्न मञ्जुर भई यो सम्झौता गरेका छौं।

१. यो सम्झौता, सम्झौता भएको मिति ................ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/ इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र संचालन गरि मिति........... साल.......... महिना .......... गते सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नुपर्नेछ।
२. यस सम्झौता बमोजिमको निर्माण तथा मर्मत संभार सम्बन्धी कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्थालाई दिन पाईने छैन।
३. सम्झौता बमोजिमको कार्य सम्पादनका लागि पहिलो पक्ष मार्फत, अनुदान स्वरुप रु. ............ (अक्षरुपी ...........................) र दोस्रो पक्षको लागत रु. .................. (अक्षरुपी ...........................) व्यहोरिनेछ। पहिलो पक्षले भुक्तानी गर्ने अनुदान रकम प्रस्तावित क्रियाकलाप बमोजिमको कार्य सम्पन्न प्रगति तथा स्थगलत अनुगमन तथा निरीक्षणका आधारमा अन्तिममा शोधभर्ना वापत उपलब्ध गराउनेछ।
४. दोस्रो पक्षले सम्झौता बमोजिमको पूर्वाधार निर्माण तथा मर्मत संभारको लागि सम्झौतामा समावेश गरिएको श्रोत बाहेक अन्य कुनै सरकारी, गैह सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ। यस्तो देखिएमा सम्झौता रद्द गर्न सकिनेछ।
५. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ र अनुगमन निरीक्षणका क्रममा सहयोग गर्नुपर्नेछ।
६. स्वीकृत प्रस्ताव बमोजिम दोश्रो पक्षले संचालन गर्न चाहेको क्रियाकलाप तथा लागत विवरण खुलाई सर्वसाधारण सबैले देख्ने गरी होडिङ्ग बोर्ड राख्ने जिम्मेवारी दोश्रो पक्षको हुनेछ। दोस्रो पक्षले निर्माण कार्यको सार्वजनिक जानकारीका लागि सार्वजनिक सुनुवाई गराउनुपर्नेछ।
७. दोस्रो पक्षले सम्झौता बमोजिमको निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्य सम्झौता अवधि तथा कार्यक्रम संचालन भएको आ.ब. भित्र सम्पन्न गर्नुपर्नेछ।
८. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष बिल पेश भएको मितिले सात दिन भित्र सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिइनेछ।
९. दोस्रो पक्षको लापर्वाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जम्मेवारी दोस्रो पक्षले लिनेछ।

१०.दोश्रो पक्षले तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुनेछैन।

११.दोस्रो पक्षले सम्झौताको शर्त र कार्य तालिका बमोजिम ................ मिति सम्म यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य (डिजाईन र ईष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी संचालनमा ल्याउनेछ।

१२.सम्झौता बमोजिमको लागत सहभागिता सम्बन्धी कार्य सम्पन्न भई कार्य सम्पन्न प्रतिवेदन अनुरुप हस्तान्तरण भैसकेपछि भविष्यमा सो को मर्मत सम्भार सम्वन्धि कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ।

१३.सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१४.यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

१५.स्वीकृत प्रस्ताव अनुसार परियोजनाबाट उपलब्ध गराइएको अनुदान सहयोग दोश्रो पक्षबाट दुरुपयोग भएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| मिति : | मिति : |
| छाप : | छाप : |

रहोवर

| | |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| ठेगाना : | ठेगाना : |
| मिति : | मिति : |

सचिव

सचिव

अनुसूचि-६
(परिच्छेद ३ दफा १४ (४) संग सम्बन्धित)

## कार्य-सम्पन्न प्रतिवेदनको ढाँचा

श्रीमान् प्रमुख ज्यू
परियोजना कार्यान्वयन एकाइ......................।

विषयः कार्य सम्पन्न प्रतिवेदन पेश गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस कार्यालसंग मिति.............................मा भएको सम्झौता बमोजिम कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि म/हामी ..................................................................ले स्वीकृत प्रस्ताव बमोजिमका देहाय अनुसारका क्रियाकलापहरु सम्पन्न गरिसकेकाले सम्पादित कार्य विवरण खुल्ने देहाय बमोजिमको कार्य सम्पन्न प्रतिवेदन आवश्यक कारवाहीका लागि पेश गरेको छु/छौं।

### कार्य सम्पन्न प्रतिवेदनको ढाँचा

- संचालित प्रस्ताव/कार्यक्रमको नाम:
- कार्यक्रम शुरु गरिएको मिति:
- कार्यक्रम सम्पन्न गरिएको मिति:
- कार्यक्रम संचालन गरिएको स्थान:
- कार्यक्रम संचालन गरेको लाभग्राही/उद्यमीको नाम, थर र सम्पर्क नं:.
- संचालित कार्यक्रमको कुल लागत रु.:
- संचालित कार्यक्रममा कार्य सम्पन्न पश्चात् कुल अनुदान प्रवाह भएको रकम रु.:
- लाभग्राही/उद्यमी स्वयमले व्योहोरेको रकम रु.:
- कार्यक्रम संचालनका क्रम सम्पादित प्रमुख क्रियाकलाप सम्बन्धी विवरण:

| सम्पादित क्रियाकलाप | लक्षित संख्या | कार्य सम्पन्न प्रगति | कुल खर्च रकम रु. | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |



सचिव

- संचालित कार्यक्रममा समग्रमा प्राप्त प्रमुख उपलब्धिहरु (व्यवसाय विकास, लाभग्राही संख्या, रोजगारी सिर्जना भएको संख्या, कारोवारमा भएको वृद्धि, आदि सम्बन्धी विवरण उल्लेख गर्ने):

- अन्य विवरण तथा सल्लाह सुझाव

*यस कार्यालयसंग भएको मिति              को सम्झौता बमोजिम माथि उल्लेखित क्रियाकलापहरु सम्पन्न भए/गरेको ठीक साचो हो भनी स्वःघोषणा गर्दछु।*

निवेदक

नाम, थर :
ठेगाना:
सम्पर्क नं.:

सचिव

सचिव

अनुसूचि-७

(परिच्छेद ३ दफा १४ (४) संग सम्बन्धित)

सम्बन्धित स्थानीय तह कृषि/पशुपन्छी शाखाको सिफारिश पत्र (नमूना)

मिति:......................

श्रीमान् प्रमुख ज्यू

परियोजना कार्यान्वयन एकाइ.......................।

विषय : सिफारिश सम्बन्धमा।

प्रस्तुत विषयमा त्यस कार्यालयबाट कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि मिति.............................गते भएको सम्झौता बमोजिम............................स्थायी ठेगाना भएका..........................छोरा श्री ................... नागरिकता प्र.प.नं...................ले तँहाबाट भएको सम्झौता बमोजिम तपसिल बमोजिमका कार्यहरु सम्पन्न गरेकाले नियमानुसार अनुदान रकम भुक्तानीका लागि सिफारिश साथ अनुरोध छ।

कार्य सम्पन्न विवरण

| क्र.सं. | सम्पादित क्रियाकलापको विवरण | सम्पादित परिमाण | कुल खर्च रकम | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

........................

सम्बन्धित स्थानीय तह कृषि/ पशुपन्छी शाखा

सचिव

सचिव